# पोलियोविरुद्धको 'आइभिपी' खोप सुरु

गोरखापत्र समाचारदाता
*काठमाडौँ, जेठ १३ गते*

सरकारले आइतबारदेखि देशभर पोलियोविरुद्धको 'आइभिपी' खोप अभियान सुरु गरेको छ। खोप अभियान जेठ २६ गतेसम्म सञ्चालन हुने जनाइएको छ। २०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका १४ लाख ६० हजार ६१२ जना बालबालिकालाई पोलियोविरुद्ध आइभिपी खोप लगाउन सुरु भएको हो।

आइपिभी सुईको माध्यमबाट दिइने पोलियो रोगविरुद्धको खोप हो। परिवार कल्याण महाशाखाका अनुसार खोप अभियान खोपबाट वञ्चित बालबालिकालाई पोलियो रोगको जोखिम हुन सक्ने भन्दै खोप सुरु गर्न लागिएको हो। परिवार कल्याण महाशाखाका प्रमुख डा. विवेककुमार लालले नेपालले सन् २०१४ मा पोलियोमुक्त राष्ट्रका रूपमा प्रमाणपत्र पाइसके पनि दक्षिण एसियाली मुलुकमा पोलियोका बिरामी देखिएकाले नेपाल पनि त्यत्तिकै जोखिममा रहेको जानकारी दिनुभयो। दक्षिण एसियाली मुलुक पाकिस्तान र अफगानिस्तानमा हाल पनि पोलियोका बिरामी देखिएका छन्।

उहाँले छुटेका बालबालिकालाई खोप दिने अभियान सञ्चालन गर्न लागेको जानकारी दिँदै खोप अभियानका लागि ग्लोबल एलायन्स फर भ्याक्सिन एन्ड इम्युनाइजेसन (गाभी) को सहयोग रहेको बताउनुभयो। नेपालमा पोलियो रोगविरुद्ध लामो समयदेखि मुखबाट दिइने ओपिभी दिइँदै आएको थियो।

जनस्वास्थ्य कार्यालय काठमाडौँका प्रमुख डा. अर्जुनप्रसाद सापकोटाले २०७१ बाट नेपालमा आइपिभी खोप सुरु गरिएको बताउनुभयो। उहाँले बालबालिकालाई दिइने नियमित खोपमा पनि यसलाई समावेश गरिए पनि खोप विश्वमै अभाव भएका कारण २०७३ वैशाखदेखि २०७५ असोजसम्म नेपालका बालबालिकाले यो खोप पाउन सकेका थिएनन्। उहाँका अनुसार उक्त अवधिभित्र जन्मिएका बालबालिकालाई यो खोप दिन लागिएको हो।

जिल्ला स्वास्थ्य कार्यालय काठमाडौँका जनस्वास्थ्य अधिकृत तुलसीप्रसाद सुवेदीले १२५ जनासम्म विद्यार्थी रहेका विद्यालयमै खोप केन्द्र राख्ने र त्योभन्दा कम भएका विद्यालयका बालबालिकालाई अन्यसँग समन्वय गरेर खोप दिइने व्यवस्था मिलाइएको बताउनुभयो। उहाँका अनुसार ७८३ खोप केन्द्रमार्फत काठमाडौँ जिल्लाका एक हजार ४२१ विद्यालयमा खोप दिइने बताउनुभयो। त्यसका लागि २७६ स्वास्थ्यकर्मी र ५५६ जना स्वास्थ्यसेवक परिचालन गरिएको छ। काठमाडौँ जिल्लामा मात्रै एक लाख २५ हजारभन्दा बढी बालबालिकालाई यो खोप दिने लक्ष्य सरकारले राखेको छ।

## प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र

गोरखापत्र समाचारदाता
*काठमाडौँ, जेठ १३ गते*

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) ले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई संसद्‌को गतिरोध अन्त्यका लागि ध्यानाकर्षण गराएको छ। पार्टी अध्यक्ष माधवकुमार नेपाल नेतृत्वको प्रतिनिधिमण्डलले प्रधानमन्त्री निवास बालुवाटार पुगेर संसद्‌मा देखिएको गतिरोध हटाउने विषयमा प्रधानमन्त्री प्रचण्डलाई ध्यानाकर्षणपत्र बुझाएको हो।

ध्यानाकर्षणपत्रमा संसद्‌को गतिरोध अन्त्यका लागि छलफल र सार्थक संवादको माध्यमबाट प्रतिपक्षलाई विश्वासमा लिएर अघि बढ्न अनुरोध गरिएको छ। नीति कार्यक्रम र वार्षिक बजेटमार्फत जनताका समस्या समाधानको माग सो पार्टीले गरेको छ। संसद् जनताका सबै प्रकारका समस्याको उठान गर्ने र घनीभूत छलफल गर्ने माध्यम भएको ध्यानाकर्षणपत्रमा उल्लेख छ।

ध्यानाकर्षणपत्र बुझ्दै प्रधानमन्त्री प्रचण्डले नेपाली कांग्रेससहित अन्य प्रतिपक्षी दलसँग तत्काल सार्थक छलफल र वार्ताद्वारा समाधान निकाली संसदीय प्रक्रिया अगाडि बढाउन आफूले पहल गरिरहेको बताउनुभयो। उहाँले छिट्टै संसद्‌का नियमित कामकारबाही अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो। नेकपा (एस) का अध्यक्ष माधवकुमार नेपालले ध्यानाकर्षणपत्र बुझाउँदै संसद्‌को गतिरोध अन्त्य गर्ने दिशामा प्रधानमन्त्रीको सक्रिय पहलकदमीको अपेक्षा गर्नुभएको थियो। पार्टीका तर्फबाट प्रधानमन्त्रीलाई सम्पूर्ण रूपमा सहयोग गर्ने प्रतिबद्धतासमेत अध्यक्ष नेपालले गर्नुभएको थियो।

## सङ्क्रमणकालीन न्याय प्राथमिकतामा

गोरखापत्र समाचारदाता
*काठमाडौँ, जेठ १३ गते*

कानुन न्याय तथा संसदीय मामिलामन्त्री पद्‌म गिरीले नेपालको सङ्क्रमणकालीन न्याय टुङ्गो लगाउने विषय सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ। राष्ट्रिय मानव अधिकार आयोगको २४ औँ वार्षिकोत्सव कार्यक्रमलाई आइतबार ललितपुरमा सम्बोधन गर्दै उहाँले सङ्क्रमणकालीन न्यायको विषय टुङ्गो लगाएर मुलुकमा दिगो शान्ति स्थापना गर्नुपर्नेमा जोड दिनुभयो।

मन्त्री गिरीले भन्नुभयो, "सरकार सङ्क्रमणकालीन न्यायसँग सम्बन्धी विषयलाई उच्च प्राथमिकतामा राखेर काम गर्दै आएको छ। सर्वोच्च अदालत, मानव अधिकार आयोगको सुझाव, अन्तर्राष्ट्रिय मापदण्ड र देशभित्रै मेलमिलापसँगै दिगो शान्ति स्थापना गर्ने लक्ष्य अनुरूप ऐन परिमार्जन गर्नुपर्ने छ। शान्ति प्रक्रिया टुङ्ग्याउने सवालमा साझा धारणा बनाएर तार्किक निष्कर्षमा पुऱ्याउनुपर्ने छ।" उहाँले राष्ट्रिय मानव अधिकार आयोगको सुझावलाई सरकारले गम्भीरताका साथ लिएर काम गरिरहेको जानकारी दिनुभयो।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सङ्क्रमणकालीन न्यायको कार्य छिटो टुङ्गोमा पुऱ्याउनु पर्छ भन्नेमा आफू दृढ रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "शान्ति सम्झौता भएको १८ वर्ष बितिसक्दा पनि द्वन्द्वपीडित न्यायको पर्खाइमा छन्। कहिले न्याय पाइन्छ भन्ने आशामा छन्। पीडितलाई न्याय प्राप्त हुने गरी कानुन संशोधन हुनु पर्छ।"

आयोगले २४ औँ स्थापना दिवसका अवसरमा आयोगका संस्थापक तथा शताब्दीपुरुष गौरीशङ्करलाल दासलाई सम्मान गरेको छ। त्यस्तै ५० हजार राशिसहितको सर्वोत्कृष्ट मानव अधिकार सेवा पुरस्कारबाट सहसचिव नवराज सापकोटालाई सम्मानित गरिएको छ। स्थापना दिवसका अवसरमा मानव अधिकार सेवा पुरस्कारबाट तारादेवी वाग्ले, लोकनाथ घिमिरे, रामकृष्ण थारू सम्मानित हुनुभएको छ। २०५७ जेठ १३ मा स्थापित आयोगले 'जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार: दिगो शान्ति र समृद्धिको आधार' भन्ने नाराका साथ आइतबार २४ औँ वार्षिकोत्सव मनाएको हो।

## प्लास्टिक सर्जरी प्रविधिमा प्रगति

गोरखापत्र समाचारदाता
*काठमाडौँ, जेठ १३ गते*

कलेजो र मिर्गौला प्रत्यारोपणमा सफलता हासिल गरेको भारतको नयाँदिल्लीस्थित इन्द्रप्रस्थ एपोलो अस्पतालले प्लास्टिक सर्जरीमा अस्पताल अब्बल रहेको दाबी गरेको छ। काठमाडौँमा आइतबार एपोलो अस्पतालले पत्रकार सम्मेलनमार्फत प्लास्टिक सर्जरी प्रविधिमा उल्लेख्य प्रगति हासिल गरेको जानकारी गराएको हो।

पत्रकार सम्मेलनमा अस्पतालका प्लास्टिक, कस्मेटिक र रिकन्स्ट्रटिभ सर्जरीका वरिष्ठ सल्लाहकार डा. कुलदीप सिंहले अस्पतालले प्लास्टिक सर्जरीमा ठुलो प्रगति हासिल गरेको जानकारी दिनुभयो। उहाँले भारतमा सस्तो मूल्यमा प्लास्टिक सर्जरी हुने भन्दै नेपालीलाई पनि सहुलियत दरमा सो सेवा दिइएको बताउनुभयो।

## 'लोकतान्त्रिक संस्कृतिमाथि प्रश्न नगर्नूस्'

राष्ट्रिय समाचार समिति
*काठमाडौँ, जेठ १३ गते*

सङ्घीय संसद्‌को प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारीमा लाखौँको सङ्ख्यामा रहेका बचतकर्ताको अर्बौं रकम फिर्ता गराई न्याय दिलाउन दबाब दिने उद्देश्यले आइतबार राजधानीमा विरोध प्रदर्शन गरेको छ। नेपाली कांग्रेस काठमाडौँ महानगरपालिका विभिन्न वडाबाट आएको जुलुस प्रदर्शनी मार्गमा पुगेर आमसभामा परिणत भएको थियो। विरोध सभामा कांग्रेसका पदाधिकारी, केन्द्रीय सदस्य, सांसद, कार्यकर्ता तथा भ्रातृ संस्थाका पदाधिकारी सहभागी थिए।

सभामा पार्टी महामन्त्री विश्वप्रकाश शर्माले लोकतन्त्र र लोकतान्त्रिक प्रक्रियाबारे कांग्रेसको निष्ठा र लोकतान्त्रिक संस्कृतिमाथि कसैले प्रश्न नगर्न चेतावनी दिनुभयो। उहाँले भन्नुभयो, "कांग्रेसलाई लोकतान्त्रिक दल हो वा होइन भन्नु आमाको अगाडि उभिएर मावलीको बयान गरे जस्तै हो। कांग्रेसलाई लोकतन्त्रवादी र अलोकतान्त्रिक भनी प्रश्न गर्नेसँग हामी सहमत हुँदैनौँ।" "अन्यायमा परेका निमुखा तथा श्रमजीवी नागरिकको मुद्दालाई पार्टीले गहन ढङ्गले उठाउँदै आएको बताउँदै उहाँले कांग्रेसमाथि लगाइएको अलोकतान्त्रिकको आरोप आफूहरूलाई सह्य नहुने प्रतिक्रिया दिनुभयो," महामन्त्री शर्माले भन्नुभयो, "सरकार प्रतिपक्षलाई हेर्ने अहिलेको व्यवहारबाट सच्चिनु पर्छ, सभामुख स्वतन्त्र र निष्पक्ष हुनु पर्छ।"

### समझदारीनजिक...

कृषि अर्थतन्त्रको विकास, उद्यमशीलताको प्रवर्धन, पूर्वाधार विकास तथा रोजगारी सिर्जना र सूचना प्रविधि क्षेत्रलाई उत्पादन तथा उत्पादकत्वसँग जोड्ने उहाँले स्पष्ट पार्नुभयो। सामाजिक रूपमा उपेक्षित उत्पीडित वर्गको न्यायमा पहुँचका लागि विशिष्ट कार्यक्रम प्रस्ताव गरिएको पनि प्रधानमन्त्रीको भनाइ छ। प्रधानमन्त्रीले खुवप कलेजको विधेयकलाई संसद्‌बाट तत्काल ल्याउन र पारित गर्ने आश्वासन दिनुभयो।

#### अवरोधबिच नीति कार्यक्रम पारित

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको अवरोधबिच सङ्घीय संसद्‌ले सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम बहुमतले पारित गरेको छ। सहकारीको रकम हिनामिना प्रकरणमा संसदीय छानबिन समिति माग गर्दै आएको कांग्रेसले सदनमा लगातार अवरोध गर्दै आएको छ। पछिल्ला केही बैठक अवरोधकै बिचमा कार्यसूचीमा प्रवेश गराइएका छन्। जेठ १५ गते सङ्घीय संसद्‌मा बजेट पेस गर्नुपर्ने संवैधानिक बाध्यता रहेकाले नीति कार्यक्रम पारित गरिएको हो।

अवरोधकाबिच सदनमा नीति तथा कार्यक्रममा दलीय आधारमा छलफल र पारित भएको हो। दलीय आधारमा नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र राष्ट्रिय जनमोर्चाले छलफलमा भाग लिएका थिए। नेमकिपाका प्रेम सुवाल र जनमोर्चाका चित्रबहादुर केसीले संशोधनकर्ताका रूपमा धारणा राख्नुभएको थियो।

जेठ १ गते सङ्घीय संसद्‌को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम पेस गर्नुभएको थियो। नीति तथा कार्यक्रम पेसपछि लगातार संसद्‌को अवरोध कायम रहेपछि छलफल हुन सकेको थिएन। आइतबार सङ्क्षिप्त छलफलसँगै नीति कार्यक्रम पारित गरिएको हो।

### कार्यादेश टुङ्ग्याउन...

अपचलन गरेको भनेर लेख्नुपर्ने कांग्रेसले अडान राखेको छ। सहमहामन्त्री जीवन परियारले व्यक्तिको नाम नतोके पनि प्रश्न उठेका पदाधिकारीको पद तोक्नुपर्ने बताउनुभयो। उहाँले सहकारीको नाम, अपचलन भएको कम्पनी र अपचलन गर्नेको पद उल्लेख गर्नुपर्ने बताउनुभयो।

कांग्रेसले गोरखा मिडिया नेटवर्कमा लगानी गर्ने सहकारीको नाम तोक्ने तथा नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक तथा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको नाम तोकेरै संसदीय छानबिन समिति बनाउनुपर्ने अडान राखेपछि र सत्ता पक्षले नाम राख्न नहुने अडान लिएपछि संसदीय छानबिन समिति गठन प्रक्रिया टुङ्गिएको छैन।

### राष्ट्रिय सभाबाट...

छलफलका क्रममा सभाका सदस्य विश्वकर्माले संशोधन प्रस्ताव फिर्ता नलिने बताएपछि सभाका अध्यक्ष नारायणप्रसाद दाहालले निर्णयार्थ प्रस्तुत गर्नुभयो। सो संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भयो।

सभाको आइतबारकै बैठकमा अर्थमन्त्री वर्षमान पुनले आव २०८०/८१ को आर्थिक सर्वेक्षण प्रस्तुत गर्नुभयो। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले 'मिडिया काउन्सिल विधेयक, २०८०' सभासमक्ष पेस गर्नुभयो।

सङ्घीय संसद्‌को दुवै सदनको संयुक्त बैठकमा जेठ १५ गते अपराह्न १ बजे अर्थमन्त्री वर्षमान पुनले आगामी आव २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नुहुने छ। राजस्व र व्ययको अनुमान प्रस्तुत भएपछि राष्ट्रिय सभाको अर्को बैठक अपराह्न ४ बजेर १५ मिनेटमा बस्ने गरी निर्धारण गरिएको छ।

### रेलपछि सुरुङमार्गमा...

बाध्यात्मक अवस्था अन्त्य भएको छ। दार्चुलाको व्यास गाउँपालिकाको घाँटीबगर क्षेत्रमा नेपाली सेनाले बाटो निर्माण गरेपछि तिङ्कर र लिपुलेक पुग्न भारतीय भूमिको प्रयोग गर्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य भयो। यसअघि खलङ्गाबाट तिङ्कर र लिपुलेक पुग्न भारतीय भूमि प्रयोग गर्नुपर्थ्यो। नेपाली सेनाले भारत–चीनको सीमानाका पर्ने घाँटीबगरमा ४५० मिटर गोरेटो र घोडेटो बाटो निर्माण गरेको छ।

यसअघि व्यास गाउँपालिकाको छाङरू र तिङ्करका १८२ घरपरिवारका एक हजार दुई सय स्थानीयलाई खलङ्गा आवतजावत गर्न व्यास गाउँपालिकाको भीरीभिरमा चट्टान र घाँटीबगरमा पहिरो गएपछि आवतजावत गर्न समस्या भएको थियो। २०७७ वैशाख १४ गतेको मन्त्रीपरिषद्‌को बैठकले दार्चुला तिङ्कर सडक योजना अन्तर्गत उत्तरतर्फ ८७ किलोमिटर सडकखण्ड नेपाली सेनामार्फत निर्माण गराउने निर्णय गरेको थियो।

#### हुम्लामा पुग्यो बस

हुम्लाबासीको बस चढ्ने धोको २०७७ मा पूरा भयो। कालीकोटको जितेबगरदेखि हुम्लाको बालुकुनासम्म पहिलो पटक नियमित रूपमा बस सेवा सञ्चालनमा आयो। त्यसै गरी काठमाडौँबाट हुम्लाको सलीसल्लासम्म पहिलो पटक गाडी पुग्यो। यातायात सञ्चालनसँगै हुम्लाका ताँजाकोट, सर्केगार्ड, चङ्खेली र अदानचुली गाउँपालिकाका स्थानीयको आवतजावत सहज भएको छ। संविधान सभा सदस्य एवं हुम्लाका राजनीतिज्ञ रीता शाहीले भन्नुभयो, "पहिले नौ दिन हिँडेर सुर्खेत जानुपर्थ्यो। अचेल एक दिनमै पुगिन्छ।"


मुद्दा नं. ०८०-C१-०४८७ फाँट नं. ७

**श्री ललितपुर जिल्ला अदालतबाट जारी भएको**

**मधेश प्रदेश, जिल्ला सिराहा, साबिक विष्णुपुरा गा.वि.स. वडा नं. ४ हाल परिवर्तित विष्णुपुरा गा.पा. वडा नं. ४ घर भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. इमाडोल बस्ने शोभित यादवको नाति, राज लाल यादव र प्रमिला देवी यादवको छोरा वर्ष ३१ को सन्तोष कुमार यादव (ना.प्र.नं. १५११०५/२२८, सिराहा) का नाममा जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना ...।**

उप्रान्त सुशिल मण्डलको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी तपाईं भएको बैंकिङ कसुर मुद्दामा तपाईंको नामको म्याद जारी गरी पठाइएकोमा म्याद तामेल हुन नसकेको हुँदा यस अदालतको आदेशानुसार बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ बमोजिम तपाईंको नाउँमा यो १५ (पन्ध्र) दिने सूचना म्याद प्रकाशित गरिएको छ। यो सूचना म्याद पत्रिकामा प्रकाशित भएका मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र बयानका लागि यस अदालतमा हाजिर हुन आउनुहोला। हाजिर नभई म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ। पछि तपाईंको उजुरबाजुर लाग्नेछैन। **इति संवत् २०८१ साल जेठ १४ रोज २ शुभम् ...।**

फाँट नं. १, मुद्दा नं. ०८०-C१-०७३७, मुद्दा : चोरी सम्बन्धी कसुर।

**श्री ललितपुर जिल्ला अदालतबाट जारी भएको**

**बागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौँडा उप-म.न.पा. वडा नं. ८ राक्सीराङ वतन भएको सिंह बहादुर स्याङ्तानको छोरा, प्रविन लामा भन्ने राकेश तामाङ भन्ने दिपक स्याङ्तान नाउँको २१ (एक्काइस) दिने समाह्वान म्याद।**

ओत्तमान शाक्यको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी कर्मा तामाङ समेत भएको चोरी सम्बन्धी कसुर मुद्दामा तपाईंका नाउँमा यस अदालतबाट भएको आदेशानुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६२ बमोजिम यो समाह्वान म्याद सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना म्याद प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काइस) दिनभित्र हाजिर हुन आउनुहोला। हाजिर नभई नआएमा वा म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ। **इति संवत् २०८१ साल जेठ १४ गते रोज २ शुभम् ...।**

मुद्दा नं. ०८०-C१-०२१६ थान-१, फाँट नं. २

**श्री ललितपुर जिल्ला अदालतबाट जारी भएको १५ दिने दोस्रो समाह्वान म्याद।**

**श्री ललितपुर जिल्ला अदालतबाट जारी भएको, बागमती प्रदेश, जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं.४ को परिवर्तित ललितपुर महानगरपालिका वडा नं. ४ वागडोल बस्ने, गणेश महर्जनकी नातिनी, आशाकाजी महर्जन र सरस्वती महर्जनकी छोरी, निरोज महर्जनकी श्रीमती वर्ष ३६ की प्रतिवादी मन्दिरा महर्जनका नाममा जारी भएको दोस्रो समाह्वान म्याद ....।**

उप्रान्त मोहन सनिता स्याङतानको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी मन्दिरा महर्जन भएको बैंकिङ कसुर मुद्दामा प्रतिवादी मन्दिरा महर्जनका नाउँमा मिति २०८०/०९/०२ मा समाह्वान म्याद प्रकाशित भई म्यादभित्र उपस्थित नभएकोले पुनः दोस्रो पटक तपाईंको नाउँमा यो १५ दिने समाह्वान म्याद जारी गरिएको छ। यो उल्लिखित अवधिभित्र अविलम्ब यस अदालतमा उपस्थित हुनुहोला। उक्त अवधिभित्र उपस्थित नभई फरार रहेमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६५ बमोजिम हुनेछ।

**इति संवत् २०८१ साल जेठ महिना १४ गते रोज २ शुभम् ...।**

**राष्ट्रिय समाचार समिति**
**केन्द्रीय कार्यालय**
**रासस प्लाजा, काठमाडौँ**
**फोन ५३६२५३९, ५३६२७२४**

**सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति :- २०८१।०२।१४)**

यस समितिमा भिजुअल सेवा सञ्चालनका लागि निजी क्षेत्रका विज्ञ कम्पनीबाट सेवा लिने (आउट सोर्सिङ) सम्बन्धी कार्य गर्नुपर्ने भएकाले समितिबाट वितरित सिलबन्दी प्रस्ताव फारामको सर्त, सुविधाहरूको अधीनमा रही इच्छुक फर्म, कम्पनी र संस्थाबाट ३० (तीस) दिनभित्र सिलबन्दी प्रस्ताव पेस गर्न यो सूचना प्रकाशित गरिएको छ। फर्म दर्ता प्रमाणपत्र, भ्याट प्रमाणपत्र र गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै कार्य अनुभव प्रमाणपत्र पेस गरी रु. ३,००० (रु. तीन हजार) दस्तुर तिरी प्रस्ताव फाराम खरिद गर्न सकिनेछ। विस्तृत जानकारीका लागि समितिको केन्द्रीय कार्यालयमा सम्पर्क राख्नुहोला।

मुद्दा नं. ०७९-WO-०२९४ फाँट- रिट शाखा

**श्री उच्च अदालत जनकपुरबाट जारी भएको तपसिल बमोजिमका विपक्षीहरूको नाउँको १५ दिने म्याद।**

उप्रान्त निवेदक जिल्ला महोत्तरी, जलेश्वर नगरपालिका वडा नं. १ मा बस्ने रामएकवाल साहकी श्रीमती वर्ष ५२ की संजिरा देवीले मिति २०७९/०९/०३ गतेमा तपाईं समेत उपर निषेधाज्ञा रिट दिएकोमा मिति २०७९।०९।०४ गतेमा इजलासबाट भएको आदेशको प्रतिलिपि र निवेदन नक्कल यसै साथ राखी यो म्याद जारी गरी पठाइएकोमा तपाईंको नाउँमा म्याद जारी गर्दा बेपत्ते तामेल भएको हुँदा यो १५ दिने म्याद पत्रिकामा प्रकाशित गरिएको छ। अतः यो म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुत प्रमाण सहितको लिखित जवाफ आफैँ वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत पठाउनुहोला। म्यादै गुजारी बसेमा कानून बमोजिम हुनेछ। पछि तपाईंको उजुरी लाग्नेछैन। **इति संवत् २०८१ साल जेठ महिना १४ गते रोज २ शुभम्......। तपसिल**

१. जिल्ला ललितपुर, ललितपुर उप-महानगरपालिका सातदोबाटोस्थित शिवालय दिवा जे.भी.।

२. जिल्ला ललितपुर, ललितपुर उप-महानगरपालिका सातदोबाटोस्थित शिवालय दिवा जे.भी. को ठेकेदार उत्तम बस्नेत।

मुद्दा नं. ०८०-C१-०७९२, फाँट नं. १ मुद्दाः ठगी।

**श्री ललितपुर जिल्ला अदालतबाट जारी भएको तपसिल बमोजिमका प्रतिवादीहरूको नाउँको ३५ (पैँतीस) दिने पक्राउ पुर्जी।**

अनिता कुमारी साहको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी मिरा चौरासिया समेत भएको ठगी मुद्दामा तपाईंहरूका नाउँमा यस अदालतबाट भएको आदेशानुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५८ बमोजिम यो पक्राउ पुर्जीको सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना म्याद प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र हाजिर हुन आउनुहोला। हाजिर नभई नआए वा पक्राउ भई नआई गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ। **इति संवत् २०८१ साल जेठ १४ गते रोज २ शुभम्। तपसिल**

१. मधेश प्रदेश, जिल्ला पर्सा, साबिक सबैठवा गा.वि.स. वडा नं. ५ हाल परिवर्तित वीरगञ्ज महानगरपालिका वडा नं. ६ मा बस्ने नागेन्द्र प्रसाद चौरासियाकी छोरी उमेश कुमार चौरासियाकी श्रीमती वर्ष ४३ की मिरा देवी चौरासिया (ना.प्र.प.नं. १६०३३५ ९५४ पर्सा मो.नं. ९८६३४५३०८५)।

२. मधेश प्रदेश, जिल्ला पर्सा, साबिक सबैठवा गा.वि.स. वडा नं. ५ हाल परिवर्तित वीरगञ्ज महानगरपालिका वडा नं. ६ मा बस्ने गोपाल प्रसाद चौरासियाको छोरा मिरा देवी चौरासियाको श्रीमान् उमेश कुमार चौरासिया (मो.नं. ९८५५०३४२१०)।

**बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड**

**प्रथम बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०२/१४**

यस कम्पनी संचालक समितिको मिति २०८१/०२/०७ गते बसेको २१औं बैठकको निर्णयानुसार कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनिहरुको जानाकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ तथा कम्पनीको नियामावलीको नियम १८(३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान :**

**मिति :** २०८१ असार महिना ०३ गते सोमबार

**समय :** अपरान्ह ५: ३० बजे

**स्थान :** कम्पनीको कार्यालय, नयाँबानेश्वर, काठमाडौं।

**छलफलका बिषयहरु :**

१. आर्थिक वर्ष २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
३. चालु आर्थिक वर्ष २०८०/८१ को लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**आज्ञाले**
**(रामप्रसाद शर्मा)**
**कम्पनी सचिव**

**राष्ट्रिय समाचार समिति**
**केन्द्रीय कार्यालय**
**रासस प्लाजा, काठमाडौँ**
**फोन ५३६२५३९, ५३६२७२४**

**भाडामा लगाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति :- २०८१।०२।१४)**

यस समितिको काकडभिट्टास्थित पसल कबलहरू र भवन जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा भाडामा लिन इच्छुक व्यक्ति, फर्म/कम्पनीबाट देहाय बमोजिमको न्यूनतम भाडा दरमा नघट्ने गरी आफूले तिर्नसक्ने भाडा दर खुलाई रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ। फाराम खरिद गर्न नागरिकता, फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ। बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र समितिद्वारा वितरित बोलपत्र फारामको सर्त, सुविधाहरूको अधीनमा रही रीतपूर्वकको बोलपत्र रासस कार्यालय भद्रपुर वा केन्द्रीय कार्यालयमा दर्ता गर्नुपर्नेछ। विस्तृत जानकारीका लागि समितिको केन्द्रीय कार्यालय र रासस कार्यालय भद्रपुरको फोन नं. ०२३-४५५००३ मा सम्पर्क राख्न सकिनेछ।

| क्र.सं. | विवरण | न्यूनतम मासिक भाडा दर रु. | फाराम दस्तुर |
|---|---|---|---|
| १. | सानो साइजको पसल कबल | १५,०००।- | १,०००।- |
| २. | ठूलो साइजको पसल कबल | ३०,०००।- | |
| ३. | होटल भएको भवन | ८०,०००।- | |

मुद्दा नं. ०७९-cp-३०३५, फाँट नं. ७

**श्री धनुषा जिल्ला अदालतबाट जारी भएको**

**१. विदेश भारत, विहार राज्य, मधुबनी जिल्ला, अन्तर्गत मैनाथपुर ग्राम पञ्चायत बस्ने स्व. सियाराम पाण्डेको छोरा अ. वर्ष ३५ को अजय पाण्डे ... १**
**२. ऐ.ऐ. मा बस्ने स्व. सियाराम पाण्डेको छोरा अ. वर्ष ४० को अमित पाण्डे ... १**
**३. ऐ.ऐ. मा बस्ने लखन महराको छोरा अ. वर्ष. ४२ को मोहन महरा ... १**
**४. ऐ.ऐ. मा बस्ने लखन महराको छोरा अ. वर्ष ३६ को रामचन्द्र महरा ... १**
**५. ऐ.ऐ. मा बस्ने लखन महराको छोरा अ. वर्ष ४० को फिरन महरा ... १**
**नाउँमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ को उपदफा २२ बमोजिम जारी भएको इतलायनामा म्याद सूचना ...।**

उप्रान्त वादी जिल्ला धनुषा, भरतपुर गा.वि.स. वडा नं. ०२ हाल जिल्ला धनुषा, ठाडीभिझा गा.वि.स. वडा नं. ९ मा बस्ने उचित महराको नाति, स्व. महन्थ महराको छोरा वर्ष ६२ को सिताराम पाण्डे चमार र प्रतिवादी जिल्ला धनुषा, ठाडीभिझा गा.वि.स. वडा नं. ९ मा बस्ने स्व.मन्चीत महराको नाति, गनौर महराको छोरा अ. वर्ष ६० को अच्छेलाल महरा भएको अंश दर्ता मुद्दामा यस अदालतबाट भएको आदेशानुसार तपाईंको नाउँमा यो सूचना प्रकाशित गरिएको छ। तसर्थ बाटाका म्याद बाहेक यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो प्रमाण समेत लिई हाजिर हुन आफैँ आउनू वा कानून बमोजिम वारिस वा कानून व्यवसायी पठाउनुहोला। नआएमा कानून बमोजिम हुनेछ। पछि तपाईंको उजुरबाजुर लाग्नेछैन।

**इति संवत् २०८१ साल जेठ १४ गते रोज २ शुभम् ...।**

मुद्दा नं. ०८०-C१-००८८, मुद्दा फाँट नं. ५

**श्री सप्तरी जिल्ला अदालतबाट जारी भएको समाह्वान/पक्राउ पुर्जी।**

**देश भारत, भझभुई परा पोष्ट अफिस फटापुकुर पानी कौरी फतापुकुर जालपाईगुडी वेस्ट बंगाल बस्ने सचिन ग्वालाको छोरा वर्ष अ. २० को प्रिन्स ग्वाला नाउँको ३५ दिने समाह्वान म्याद ...।**

उप्रान्त सरिता देवी मुखियाको जाहेरीले वादी नेपाल सरकारले तपाईं प्रिन्स ग्वाला समेत उपर चोरी मुद्दाको अभियोग पत्र यस अदालतमा दर्ता गरेको हुनाले तपाईंको घर, ठेगानामा म्याद जारी भएकोमा उक्त ठेगानामा म्याद तामेल हुन नसकेको हुँदा यस अदालतको मिति २०८०।१२।०४ गतेको आदेशानुसार तपाईंको नाउँमा यो समाह्वान म्याद प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र कानून बमोजिम आफ्नो लिखत/प्रमाण समेत लिई दिनको १०:०० बजे यस अदालतमा हाजिर हुन आफैँ आउनुभएमा कानून बमोजिम मुद्दा पुर्पक्ष हुनेछ। म्यादभित्र आउनुभएन भने कानून बमोजिम हुनेछ।

**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कलैया, बारा, मधेश प्रदेश, (नेपाल)**

**बोलपत्र संशोधन सम्बन्धी सूचना**

**(मिति : २०८१।०२।१४ गते)**

यस कलैया उपमहानगरपालिकाबाट मिति २०८१।०२।११ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार आन्तरिक आय ठेक्का लगाउने बारेको सूचनाको ठेक्का नं. ३२/२०८०।०८१ ठेक्का शीर्षक विज्ञापन करको ठेक्का अवधि **०८१।०८२ देखि ०८३।०८४** हुनु पर्नेमा **०८१।०८२ देखि ०८५।०८६** हुन गएकोले उक्त ठेक्काको **ठेक्का अवधि ०८१।०८२ देखि ०८३।०८४** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**श्री सिन्धुली जिल्ला अदालतबाट जारी भएको सरोकारवालाहरूका लागि १५ (पन्ध्र) दिने सूचना।**

लिखितम् सिन्धुली जिल्ला, मरिण गाउँपालिका वडा नं. ७, महेश्वता बस्ने तिलक बहादुर थापाको नाति, राम बहादुर थापाको छोरा, वर्ष ३७ को गणेश बहादुर थापाको मिति २०८०।११।२९ मा निवेदन पर्न आएकोमा तिलक बहादुर थापाको नाति, राम बहादुर थापाको छोरा म निवेदकको दाजु पदम बहादुर थापा मिति २०६० सालमा घर छाडी हिँडेको र आजसम्म घर फर्की नआएको, मरे बाँचेको खबर समेत म निवेदक भाइ, आफन्त र गाउँघरमा समेत कोही कसैलाई थाहा हुन नसकेकाले मृत्युको न्यायिक घोषणा गरिपाऊँ भनी निवेदन दिएको हुँदा यो सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपाईं पदम बहादुर थापा यस अदालतमा उपस्थित हुनु तथा निजका बारेमा थाहा जानकारी पाउनेले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा यस अदालतलाई लिखित जानकारी दिनुहुन सम्बन्धित सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**इति संवत् २०८१ साल जेठ महिना १४ गते रोज २ मा शुभम् ...।**